नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

मितिः २०७७/०६/२३

पत्र संख्याः- ०७७/७८

चलानी नं.:- ३८

सिंहदरबार,
काठमाडौं, नेपाल ।

विषयः राजश्व दाखिला भौचर पेश गर्ने सम्बन्धमा ।

श्री विदेशी विश्वविद्यालयको सम्वन्धनमा नेपालमा सञ्चालित
सम्पूर्ण शिक्षण संस्थाहरु ।

प्रस्तुत विषयमा विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ मा भएको व्यवस्था अनुसार विदेशी विश्वविद्यालयको सम्बन्धन तथा मन्त्रालयको अनुमतिमा सञ्चालित शिक्षण संस्थाहरुले विदेशी सम्बन्धन प्रदायक विश्वविद्यालय वा त्रिपक्षीय सम्झौता अनुसार तेस्रो पक्ष द्वारा जारी गरीएको ईन्भ्वाइस अनुसार रकम पठाउँदा त्यसरी पठाईएको रकममा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम पन्ध्र प्रतिशतका दरले अग्रिम आयकर वापतको रकम कर दाखिला गर्नु पर्ने ब्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार मिति २०७६।०७।२६ देखि हाल सम्म पनि उल्लिखित रकमको राजश्व दाखिला गरी सोको भौचर पेश गरेको नदेखिएकोले आ.व. २०७५/०७६ र आ.व. २०७६/०७७ मा कार्यक्रम थपका लागि आवेदन दिने शिक्षण संस्थाहरुले कार्यक्रम थपको छनौट प्रक्रिया अगावै र अन्यको हकमा २०७७/१०/३० भित्र अनिवार्य रुपमा पेश गर्नहुन मिति २०७७/०६/२३ को मन्त्रालयको (सचिव स्तरीय) निर्णय अनुसार अनुरोध छ ।

(विश्वास रोका मगर)
शाखा अधिकृत